०८२ : ५४००५०
०८२ : ५४०८३९

लमही नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
लमही, दाङ
५ नम्वर प्रदेश, नेपाल ।

प.सं. : २०७६।०७७ च.नं. : मिति : २०७६।०४।०६

## सामाजिक सुरक्षा भत्ताको निवेदन दर्ता र नविकरण सम्वन्धमा ।

प्रस्तुत विषयमा, यस लमही नगरपालिकामा स्थायी रूपमा बसोबास गर्ने तपसिलमा उल्लेखित रित पुगेका जेष्ठ नागरिक र एकल महिलाहरूले श्रावण १ गते देखि मंसिर १५ गते भित्र निवेदन दर्ता गरि सक्नुपर्ने प्रावधान भएकोले सम्वन्धीत वडा कार्यालयमा गई रितपुर्वक निवेदन दिनुहुन र गत आ.व.मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्दै आउनुभएका सम्पूर्ण लाभग्राहीहरूले पनि सम्वन्धीत वडा कार्यालयमा गई नविकरण गर्नुहुन जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । यो सूचना बमोजिम नविकरणका लागि दरखास्त नदिने लाभग्राही ले २०७७ श्रावण देखि भत्ता प्राप्त गर्न नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

१) ७० वर्ष नाघेका जेष्ठ नागरिक (निजहरुले आगामी आ.व. २०७७।०७८ मा ७० वर्ष पुग्ने भए चालु आ.व.को श्रावण १ गते देखि मंसिर १५ गते सम्म दरखास्त दिनु पर्नेछ । आगामी आ.व.मा जुन चौमासिकमा ७० वर्ष पुग्ने हो सोको पछिल्लो चौमासिक देखि सामाजिक सुरक्षा भत्ता उपलब्ध हुनेछ ।)

२) ६० वर्ष नाघेका दलित जेष्ठ नागरिक (निजहरुले आगामी आ.व. २०७७।०७८ मा ६० वर्ष पुग्ने भए चालु आ.व.को श्रावण १ गते देखि मंसिर १५ गते सम्म दरखास्त दिनु पर्नेछ । आगामी आ.व.मा जुन चौमासिकमा ६० वर्ष पुग्ने हो सोको पछिल्लो चौमासिक देखि सामाजिक सुरक्षा भत्ता उपलब्ध हुनेछ । )

३) पतिको मृत्यु भएका जुनसुकै उमेरका विधवा (निजहरुले जहिले सुकै दरखास्त दिन सक्नेछ र निजहरुले दर्ता गराएको पछिल्लो चौमासिक देखि सामाजिक सुरक्षा भत्ता प्राप्त हुनेछ )

४) ६० वर्ष नाघेका अविवाहित वा सम्बन्ध विच्छेद भएका एकल महिला (निजहरुले जहिले सुकै दरखास्त दिन सक्नेछ र निजहरुले दर्ता गराएको पछिल्लो चौमासिक देखि सामाजिक सुरक्षा भत्ता प्राप्त हुनेछ)

५) स्थानीय तह बाट रातो रंगको अपाङ्गता परिचयपत्र प्राप्त गरेका पूर्ण अशक्त अपाङ्गता भएका (निजहरुले जहिले सुकै दरखास्त दिन सक्नेछ र निजहरुले दर्ता गराएको पछिल्लो चौमासिक देखि सामाजिक सुरक्षा भत्ता प्राप्त हुनेछ )

६) स्थानीय तह बाट निलो रंगको अपाङ्गता परिचयपत्र प्राप्त गरेका अति अशक्त अपाङ्गता भएका (निजहरुले जहिले सुकै दरखास्त दिन सक्नेछ र निजहरुले नमा दर्ता गराएको पछिल्लो चौमासिक देखि सामाजिक सुरक्षा भत्ता प्राप्त हुनेछ )

प्रमुख प्रशासकीय अधिकृत